# आर्थिक वर्ष २०७७/७८ को

# आर्थिक ऐन, २०७७

**लेकम गाउँपालिका**

दार्चुला जिल्ला

सुदुरपश्चिम प्रदेश

२०७७

# लेकम गाउँपलिकाको आर्थिक ऐन २०७७

**लेकम गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** लेकम गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लेकम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि लेकम गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः लेकम** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** लेकम गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** लेकम गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** लेकम गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः** लेकम गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्कः** लेकम गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **सेवा शुल्क, दस्तुरः** लेकम गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि लेकम गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि -१
( नियम २ सँग सम्बन्धित )

आर्थिक वर्ष २०७७।०७८ मा तपशिल बमोजिमको घरजग्गा कर लगाइनेछ ।
लेकम गाउँपालिका क्षेत्रभित्र रु.५० देखि रु. १०० सम्म घरजग्गा कर लगाइनेछ ।
वर्गीकरण

(क) ढलान गरि निर्माण भएको पक्की घर र स्लेट तथा अन्य जस्ता टिन भएको १५ फिट भन्दा बढी उचाइको घर रु ५०।००

(ख) स्लेटको छाना भएको प्लास्टर गरेको घर १५ फिट सम्मको उचाइ भएको घर रु ३०।००

(ग) साधारण घर,स्लेट छानो भएको सामान्य लिपपोत भएको घर रु २०।००

अनुसुचि -२
( नियम ३ सँग सम्बन्धित )

लेकम गाउँपालिका क्षेत्र भित्र निम्न बमोजिमको दरले मालपोत कर लगाइनेछ ।

**खेत तर्फ:**

| क्र.स. | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | ५।०० | ६।०० |
| २ | दोयम | ४।०० | ५।०० |
| ३ | सिम | ३।०० | ४।०० |
| ४ | चाहर | २।०० | ३।०० |

**पाखो तर्फ:**

| क्र.स. | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | ४।०० | ५।०० |
| २ | दोयम | ३।०० | ४।०० |
| ३ | सिम | २।०० | ३।०० |
| ४ | चाहर | १।०० | २।०० |

अनुसुचि -३
( नियम ४ सँग सम्बन्धित )

लेकम गाउँपालिका भित्र कसैले घर भाडामा लगाएमा त्यसमा घर भाडाको हुने १० % (दश प्रतिशत) कर लगाइनेछ ।

परमानन्द जोशी
गाउँपालिका अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिखरपानी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुची -४
(नियम ५ सँग सम्बन्धित)

लेकम गाउँपालिका भित्र तपशिल बमोजिमको दरमा व्यवसाय कर लगाइनेछ ।

| क्र.स. | व्यवसाय दर्ता दस्तुर | रकम रु. |
|---|---|---|
| १ | साना किराना पसल | ५००।०० |
| २ | किराना पसल | १०००।०० |
| ३ | थोक खुद्रा पसल | १०००।०० |
| ४ | खुद्रा पसल कपडा | १०००।०० |
| ५ | खुद्रा विक्रि गर्न | ७००।०० |
| ६ | थोक विक्रेता | २०००।०० |
| ७ | फैन्सि पसल साधारण | १०००।०० |
| ८ | विदेशि सामान सहित फेन्सि पसल | २०००।०० |
| ९ | कुर्ता सुरवाल सहित फैन्सि पसल | २०००।०० |
| १० | जुत्ता चप्पल सहित फैन्सि पसल | २०००।०० |
| ११ | व्युटि पार्लर मात्र | १०००।०० |
| १२ | व्युटि पार्लर तालिम सहित | १५००।०० |
| १३ | सुन चाँदि पसल दर्ता दस्तुर | २०००।०० |
| १४ | प्लास्टिक अन्य सामान पसल | ७००।०० |
| १५ | मेडिकल दर्ता दस्तुर | १२००।०० |
| १६ | सिलाई २ मेसिन | १५००।०० |
| १७ | सिलाई ५ मेसिन | २०००।०० |
| १८ | सिलाई ५ मेसिन भन्दा माथि | २५००।०० |
| १९ | सिलाई तथा कपडा विक्रि | २५००।०० |
| २० | दैनिक उपभोग्य वस्तुको थोक विक्रेता | १०००।०० |
| २१ | चामल चिउरा दाल विक्रेता | १०००।०० |
| २२ | चामल चिउरा दाल प्याज तेल विक्रेता | २०००।०० |
| २३ | मोवाईल विक्रि तथा मर्मत | २०००।०० |
| २४ | फलफुल किराना पसल | ५००।०० |
| २५ | फोटो खिच्ने मात्र | १०००।०० |
| २६ | फोटो खिच्ने र अन्य | १५००।०० |
| २७ | फोटो फ्रेम शिक्षा पोस्टर कार्ड | २०००।०० |
| २८ | पुस्तक पसल | २०००।०० |
| २९ | बन्दुक नविकरण | रु ५००।०० |
| ३० | कुटानि पिसान मिल (पानी) | १५००।०० |
| ३१ | कुटानी पिसानी मिल डिजेल | ५००।०० |
| ३२ | कुटानि पिसानी मिल विद्दत | १०००।०० |
| ३३ | चिया पसल | ५००।०० |
| ३४ | चिया खाना पसल | १०००।०० |
| ३५ | चिया खाना बस्ने होटल | १५००।०० |
| ३६ | सुचिकृत दर्ता दस्तुर | ५००।०० |
| ३७ | सभा कक्ष भाडा | |
| | क) आन्तरिक | ५००।०० |
| | ख) बाहय | १०००।०० |
| ३८ | घ वर्गको निर्माण व्यवसाय दर्ता | रु १००००।०० |
| ३९ | घ वर्गको निर्माण व्यवसाय नविकरण | रु ३०००।०० |
| ४० | परिक्षा शुल्क | रु३००।०० |

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिखरपानी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

०७८।०८।१९

परमानन्द जोशी
गाउँपालिका अध्यक्ष

अनुसुचि -०५
(नियम ६ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र विज्ञापनका होडिङ्ग बोर्ड तथा पोष्टर आदि राखि विज्ञापन गरेमा सो वाफत कर दस्तुर निम्न बमोजिम हनेछ ।
होडिङ्ग बोर्ड तथा पोस्टर ३*६ वर्ग फिट सम्म रु ५००।०० र सो भन्दा माथि रु १०००।००

अनुसुचि -०६
(नियम ७ सँग सम्बन्धित)

बहाल बिटौरी बाफतको दस्तुर निम्न बमोजिम हुनेछ ।
लेकम गाउँपालिकाले आफै छाप्रे निर्माण गरेको हकमा मासिक रु ५००।०० देखि २०००।०० सम्म
व्यक्ति आफै अस्थायी छाप्रो टहरा निर्माण गरेकोमा प्रति वर्ग फिट मासिक रु ३ को दरले हुन आउने रकम

अनुसुचि -०७
(नियम ०८ सँग सम्बन्धित)

लेकम गाउँपालिका क्षेत्र भित्र उठाइने सेवा शुल्कको दर निम्नानुसार हुनेछ ।

| क्र.स. | सेवा शुल्क शिर्षक | शुल्क दस्तुर रकम रु. |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | १००।०० |
| ३ | नागिरकता सिफारिस | १००।०० |
| ४ | नागरिकता अंगिकृत सिफारिस | १०००।०० |
| ५ | अंग्रेजी सिफारिस | २००।०० |
| ६ | अंग्रजि सिफारिस फोटो प्रमाणीत | २००।०० |
| ७ | चार किल्ला प्रमाणित शहर | २००।०० |
| ८ | चार किल्ला प्रमाणित ग्रामिण | १००।०० |
| ९ | सम्बन्ध विच्छेद दुवै | ५००।०० |
| १० | पेन्सन तर्फ सिफारिस | ५००।०० |
| ११ | नाम थर फरक सिफारिस | १००।०० |
| १२ | साधारण सिफारिस | १००।०० |
| १३ | घर जग्गा नामसारि | १००।०० |
| १४ | योजना अन्तिम भुक्तानि<br>रु १ लाख सम्म सिफारिस दस्तुर<br>रु १ - ५ लाख सम्म सिफारिस दस्तुर<br>रु ५ देखि १० लाख सम्म सिफारिस<br>रु १० लाख भन्दा माथि | <br>३००।००<br>१०००।००<br>२०००।००<br>३०००।०० |
| १५ | अंशबण्डा सिफारिस | २००।०० |
| १६ | वैदेशिक कामका लागि सिफारिस<br>भारत<br>भारत बाहेक अन्य देश | <br>१००।००<br>२००।०० |

८०/०८/११

| | | |
|---|---|---|
| १७ | गरिवि विपन्न सिफारिस | ५०।०० |
| १८ | दलित विपन्न सिफारिस | ५०।०० |
| १९ | क्लब संघ संस्था सिफारिस | ५००।०० |
| २० | बैक काउन्टर खोल्ने | ५०००।०० |
| २१ | छात्रवृति सिफारिस | १००।०० |
| २२ | जागिर सिफारिस | ५००।०० |
| २३ | कच्ची घर भत्काउने | १००।०० |
| २४ | नाता प्रमाणित | २००।०० |
| २५ | जन्म मृत्यु विवाह वसाईसराई | २००।०० |
| २६ | अविवाहित प्रमाणित | १००।०० |
| २७ | वकस पत्र | १००।०० |
| २८ | अपुतालि सिफारिस | १००।०० |
| २९ | सर्जमिन मुचुल्का सिफारिस | ५००।०० |
| ३० | सर्जमिन दस्तुर प्राविधिक समेत | १०००।०० |
| ३१ | प्राविधिक प्रतिवेदन | २००।०० |
| ३२ | व्यवसाय दर्ता | ५००।०० |
| ३३ | मिलापत्र दस्तुर दुवै पक्ष | ५००।०० |
| ३४ | विद्यालय खोल्ने सिफारिस | २००।०० |
| ३५ | गैर सरकारी संस्था नविकरण | १०००।०० |
| ३६ | तलब भत्ता प्रमाणित | २००।०० |
| ३७ | सडक यातायात र अन्य सिफारिस | ५००।०० |
| ३८ | साधारण सिफारिस | १००।०० |
| ३९ | प्रति ट्राली ढुंगा गिट्टि बालुवा संकलन | रु १०००।०० |
| ४० | प्रति खच्चर ढुंगा गिट्टि बालुवा संकलन | रु १०।०० |
| ४१ | कृषक समुह/पशु समुह दर्ता शुल्क | रु ५००।०० |
| ४२ | कृषक समुह नविकरण | रु २५०।०० |
| ४३ | एक्साभेटर मेसिन भाडा BUCKET | रु ३५००।०० प्रति घण्टा इन्धन, अपरेटर खर्च बाहेक |
| ४४ | एक्साभेटर मेसिन भाडा BRAKER | रु ४०००।०० प्रति घण्टा इन्धन, अपरेटर खर्च बाहेक |